## मिति २०७६।०९।१८ गतेको ६८ औं कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं.१ :**

यस नगरपालिकाको रोजगार संयोजकको पदपुर्तिका गर्ने तथा गरिब घर परिवार पहिचान परिचय पत्र वितरण कार्यक्रम संचालन गर्न गणक र सुपरिवेक्षकको छनौट गर्न तत् तत् मापदण्ड र कार्यविधि बमोजिम तत्काल कार्य प्रकिया अघि बढाउने गरी देहाय बमोजिमको संयुक्त छनौट /पदपुर्ति समिति गठन गर्ने र पदपुर्ति कार्यमा लाग्ने खर्च तत् तत् कार्यकममा विनियोजित बजेट बाट लोक सेवा आयोगको खर्च मापदण्ड बमोजिम खर्च गर्ने :

देहाय

संयोजक – उपसचिव (सेवा निवृत्त) श्री खम्बराज थानी (फोन नं.९८५८०६००३३)

विज्ञ सदस्य – कम्प्युटर साइन्स वा कम्प्युटर इन्जिनियरिङमा कम्तीमा स्नातक गरेको विषय विज्ञ प्रमुख प्रशासकीय अधिकृतले तोक्ने

सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत

(समितिमा एकजना अधिकृत,एकजना सहायक कर्मचारी र एकजना कार्यालय सहयोगीलाई काममा लगाउन सकिने)

**निर्णय नं.२ :**

यस नगरपालिका अर्न्तगत विभिन्न वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा विभिन्न मितिमा रिक्त भएका र नयाँ खोलिएका स्वास्थ्य संस्थाहरुमा सरसफाईकर्मी/कार्यालय सहयोगी नियुक्त गर्नुपर्ने भएकोले एक जना पनि कार्यालय सहयोगी नभएको संस्थामा माग तथा सम्बन्धित वडाको सिफारिस बमोजिम सेवा करार बाट न्युनतम रु.१३,४५०।– मासिक तलब भत्ता उपलब्ध गराउने गरि कामकाजमा लगाउन र तलब भत्ता शीर्षक वा सेवा परामर्श शीर्षकबाट खर्च लेख्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

**निर्णय नं.३ :**

यस नगरपालिका अर्न्तगतका विभिन्न सामाग्रीहरुको जिन्सी व्यवस्थापन गर्नुपर्ने भएकोले जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम यस बैठकमा पेश भएका विभिन्न सामाग्री कागजात प्रचलित कानूनको अधिनमा रही धुल्याउने/लिलाम गर्ने ।

०७६।९।१८

Scanned by CamScanner

निर्णय नं.४ :

यस नगरपालिकाका वडा नं. १५ र १६ मा विद्युतीकरण गर्न नगरपालिकाबाट विनियोजित रु.१ करोड ५० लाख र स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमबाट प्राप्त रु.५० लाख समेत गरी रु.२ करोडको प्रस्तावित स्टीमेट बमोजिम आयोजना नेपाल विद्युत प्राधिकरण,सुर्खेत शाखा मार्फत कार्यक्रम संचालन गर्ने गरी विद्युत प्राधिकरण बाट तयार भएको स्टीमेट बमोजिम द्विपक्षिय समझदारी ( MOU) गरी सो कार्यालयबाटै टेण्डर हुने गरी रकम उपलब्ध गराउने र तत्काल योजना संचालन गर्न कार्यालयलाई अख्तियारी दिने ।

निर्णय नं.५ :

नगर विकास कोषको आर्थिक ऋण सहयोगमा यस नगरपालिकाको वडा नम्बर ६ मा निर्माण हुने बहुउद्धेश्यीय (व्यापारिक) भवनको भाडादर उपलब्ध गराउन सो कोषबाट पत्राचार भएकोमा देहाय बमोजिम हुने गरी भाडादर कायम गरी तंहा पत्राचार गर्ने :

देहाय

| क.स | विवरण | शुल्क (रु.) |
|---|---|---|
| १ | पार्किङ शुल्क | |
| | प्रति मोटरसाइकल | २०।– |
| | प्रति कार | ५०।– |
| २ | भाडादर | |
| | भुईतलाको सटर भाडा (pre.sq.ft) | ७०।– |
| | पहिलो तलाको पसल भाडा (pre.sq.ft) | ६५।– |
| | दोस्रो तलाको पसल भाडा (pre.sq.ft) | ६०।– |
| | तेस्रो तलाको पसल भाडा (pre.sq.ft) | ६०।– |
| | चौथो तलाको पसल भाडा (pre.sq.ft) | ५५।– |
| | पांचौ तलाको पसल भाडा (pre.sq.ft) | ५०।– |
| | व्याङकेट हलको मासिक भाडा (pre.sq.ft) | ४०।– |
| ३ | रेष्टुरेन्टको मासिक भाडा (pre.sq.ft) | ६०।– |
| ४ | होडिङ बोर्डको मासिक भाडा (pre.sq.ft) | १०।– |

निर्णय नं.६ :

यस नगरपालिकामा घरेलु उद्योग व्यवस्थापन,दर्ता नवीकरण गर्ने कार्य गर्न एक कार्यविधि मस्यौदा तयार गर्नुपर्ने भएकोले यस कार्यपालिकाको विधायन समितिबाट मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

06/5/18

Scanned by CamScanner

**निर्णय नं.७ :**

(क) बैंक खाता छोरीको,सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि,२०७६ बमोजिम यस नगरपालिकामा कार्यक्रम संचालन गन राष्ट्रिय वाणिज्य बैंक सुर्खेत शाखा संग सम्झौता गरी कार्यक्रम संचालन गर्ने ।

(ख) संघीय सरकारको सेनेटरी प्याड (वितरण तथा व्यवस्थान) कार्यविधि,२०७६ को दफा १४ बमोजिमको समिति सदस्यमा कार्यपालिका सदस्य श्री सरीता चौधरीलाई तोकी कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं.८ :**

यस नगरपालिकाको झुप्रा खोला तथा रानीघाट क्षेत्रबाट नदिजन्य पदार्थ निष्काशन गरी पूर्वाधार विकास आयोजनाहरु समेत संचालन गर्नुपर्ने भएकोले सो क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) ले दिएको परिमाणमा नबढ्ने र सो प्रतिवेदनमा उत्खनन् गर्न मिल्ने भनिएको गहिराई ननाघ्ने गरी विकास निर्माण सुचारु गर्न र झुप्रा खोलाको नदिको धार परिवर्तन भई स्थानीय बस्ती र राजमार्गलाई समेत असर पुग्ने विषय समेत मध्यनजर गर्दै नदीजन्य पदार्थ निष्काशन अनुगमन समितीवाट प्रतिवेदन सुझाव प्राप्त भएकोले नगरपालिकाले एकजना कर्मचारी नियमित फिल्डमा खटाई निरीक्षण गर्ने गरी प्रति खोला एक भन्दा बढि हेभी इक्युपमेन्ट नहुने गरी मात्रा सकिएको खण्डमा र मापदण्ड विपरित कार्य भएमा तत्काल सो कार्य बन्द गर्ने नगरी ढुंगा,गिटी,बालुवा,दहत्तर,वहत्तर निष्काशन व्यवस्थापन गर्ने ।

**निर्णय नं.९ :**

यस नगरपालिकाको स्वीकृत महिला स्वरोजगार कार्यक्रम संचालन गर्ने सम्बन्धमा महिला स्वरोजगार कार्यक्रम संचालन समितिले निर्णय गरी गरेको सिफारिस बमोजिमको कियाकलापहरु बैठकमा प्राप्त सुझावहरु समेत समेटी संचालन गर्ने गरी कार्यक्रम स्वीकृत गर्ने ।

०७६।३।१८

Scanned by CamScanner